Sanima Bank
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

प.सं. २०७९/०८०/वि.एस/१३ मिति:२०७९/०८/०२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबारप्लाजा, काठमाण्डौ

बिषय : वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द हुने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस बैंकको मिति: २०७९/०८/०२ गते बिहान १०:०० बजे बसेको संचालक समितिको ५२८ औं बैंठकको निर्णयानुसार यस बैंकको १८ औं वार्षिक साधारणसभा देहायका बिषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा तँहाको जानकारीको लागि अनुरोध छ ।

**<u>सभा हुने मिति, स्थान र समय :</u>**

१. मिति : बि.सं.२०७९ साल पौष ३ गते (सन १८ डिसेम्बर २०२२) आइतबार ।
स्थान : आम्रपालि ब्यांकेट, बालुवाटार, काठमाण्डौ ।
समय : विहान ११:०० बजे ।

२. **शेयर दाखेल खारेज सम्बन्धी विवरण :**

- १८ औं वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०७९/०८/१९ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिने छ ।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) भन्दा अगाडीको दिनसम्म कारोबार भई शेयर खरिद गरी नियमानुसार निजहरुका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०७८/०७९ को नगद लाभांस तथा वोनस शेयर पाउन योग्य हुनुहुन्छ ।

साथै, वार्षिक साधारण सभाका छलफलका बिषय तथा अन्य जानकारी सम्बन्धीको सूचना शेयरधनीहरुको जानकारीको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिने र सो सूचनाको मस्यौदा एक प्रति यसै साथ संलग्न राखि पेश गरिएको व्यहोरा जानकारीको लागि सादर अनुरोध गर्दछौं ।

भवदीय

रूद्रप्रसाद बन्जारा
कम्पनी सचिव

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

P.O. Box: 20394, 'Alakapuri', Naxal Kathmandu | Tel.: +977-01-5970033. | Fax: +977-1-4428969 | Email: sanima@sanimabank.com | www.sanimabank.com | SWIFT: SNMANPKA

## सानिमा बैंक लिमिटेडको
## अठारौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बैंकको मिति २०७९ साल मार्ग २ गते बसेको संचालक समितिको ५२८ औं बैठकको निर्णयानुसार बैंकको १८ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसै सूचनालाई आधार मानी सम्पूर्ण शेयरधनी महानुभावहरूमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

१. **सभा हुने मिति, समय र स्थान :**

मिति : वि.सं.२०७९ साल पौष ३ गते (सन डिसेम्बर १८, २०२२) आइतबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : आम्रपाली ब्यांकेट, वालुवाटार, काठमाडौं ।

२. **छलफलका विषयहरू:**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको १८ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आ.व.२०७८/७९ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पुजींको ०.९८ प्रतिशत नगद लाभांस (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।
६. सर्वसाधारण समूह (समूह “ख”) बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. बैंकको अधिकृत पूजीँ रू.१२ अर्बलाई वृद्धि गरी रू.१५ अर्ब पुर्‍याउने ।
२. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पूँजीको १० प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पुजीँ वृद्धि गर्ने ।
३. कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।
४. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध :**

**वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी:**

१. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजेदेखि सभा संचालन रहेसम्म खुला रहनेछ ।
२. (भर्चुअल) माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाईएको र यस उपस्थितिलाई सभा हलमा उपस्थित भए सरह मान्यता प्रदान गरिनेछ । सभा शुरु हुनु भन्दा एक घन्टा अगाडि नै भर्चुअल माध्यम खुल्ला गरिने छ । शेयरधनी महानुभावहरुलाई उपलब्ध गराइएको ID/Password को माध्यमबाट Login गरी आफ्नो परिचय, डिम्याट खाता नं.र शेयर संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ ।
३. भर्चुअल माध्यम मार्फत् आवश्यक जानकारी लिन तथा आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरुले Corporateaffairs@sanimabank.com मा ईमेल गरी वा 9849085674 मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगाबै आफ्नो नाम ईमेल ठेगाना टिपाउनु पर्नेछ ।

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

४. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरूले हितग्राही खाता खोलिएको डिम्याट/शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

५. शेयरधनी महानुभावहरूको जानकारीका लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनासँग प्रकाशित गरिएको छ । संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको website:www.sanimabank.com मा पनि हेर्न सकिनेछ ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा शुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगावै यस बैंकको केन्द्रीय कार्यालय, अलकापुरी, नारायणचौर, नक्साल, काठमाण्डौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु पर्नेछ ।

७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९. शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई यथाशक्य झोला, व्याग आदि नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले शेयरधनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।

१०. सर्वसाधारण समूहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद २ (दुई) को निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम बैंकको केन्द्रीय कार्यालयमा पछि प्रकाशित गरिने छ ।

११. संचालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले बैंकको कम्तीमा १०० कित्ता संस्थापक शेयर लिई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक हुन योग्य हुनु पर्नेछ ।

१२. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधिभित्र एक जना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित बैंकले तोकेको ढाचामा बैंकको केन्द्रीय कार्यालय, नारायणचौर, नक्सालमा अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेद्वारी दर्ता गर्नु पर्नेछ ।

१३. अन्य कुनै जानकारीका लागि बैंकको रजिष्टर्ड कार्यालय, अलकापुरी, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

१४. साधारण सभा प्रयोजनको लागि मिति २०७९/०८/१९ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिएको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब (Book Close) हुनुभन्दा अगाडीको दिनसम्म कारोबार भई शेयर खरिद गरी नियमानुसार निजहरुका नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आर्थिक वर्ष २०७८/०७९ को नगद लाभांश तथा वोनस शेयर पाउन योग्य हुनुहुन्छ ।

संचालक समितिको निर्णयानुसार
कम्पनी सचिव

सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं